सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम
सम्पादित प्रमुख क्रियाकलापहरुको बिवरण

# स्वतः प्रकाशन

(Proactive Disclosure)

जिल्ला समन्वय समितिको कार्यालय बाँके

हरिप्रसाद देवकोटा
जिल्ला समन्वय अधिकारी

## २०८२ साल माघ महिना देखि चैत मसान्त सम्म




जिल्ला समन्वय समितिको कार्यालय

नेपालगंज, बाँके

नेपालको संविधान २०७२ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण प्रत्येक ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ। आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता, विश्वशनियताका लागि प्रत्येक सार्वजनिक निकायले नियमित रुपमा आफुले गरेका क्रियाकलापहरुको विवरण प्रकाशित (Proactive Disclosure) गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय बाँकेले पनि आ.व. २०८२/०८३ को तेश्रो त्रैमासिक (माघ, फागुन र चैत) मा सम्पादित क्रियाकलापहरुको मुख्य मुख्य विवरण प्रस्तुत गर्ने प्रयास गरिएको छ।

जिल्ला समन्वय समितिको कार्यालय, बाँके

२०८३ साल बैशाख ०४ गते

जिल्ला समन्वय समितिको कार्यालय बाँके

हरिप्रसाद देवकोटा
जिल्ला समन्वय अधिकारी

# बिषय सूची


१. जिल्ला समन्वय समिति बाँकेको स्वरुप र प्रकृति .................................... १

२. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार .................................... २

३. निकायमा रहने पदाधिकारी, कर्मचारी र कार्य बिवरण .................................... ४

४. जिल्ला समन्वय समसतिको कार्यालयबाट प्रदान गरिने सेवाहरु .................................... ५

५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि .................................... ६

६. निर्णय गर्ने प्रक्रिया र अधिकारी .................................... ६

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी .................................... ६

८. सम्पादन गरेको कामको विवरण .................................... ६

९. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नं. .................................... ५

१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची .................................... ६

११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण .................................... ७

१२. सार्वजनिक निकायको बेभसाईट तथा ईमेल ठेगाना .................................... ७

१३. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको बिवरण ७

१४. सार्वजनिक निकायका सूचनाहरु प्रकाशन हुने माध्यम .................................... ७


जिल्ला समन्वय समितिको कार्यालय बाँके

हरिप्रसाद देवकोटा
जिल्ला समन्वय अधिकारी

## १. जिल्ला समन्वय समिति बाँकेको स्वरुप र प्रकृति

हरिप्रसाद देवकोटा
जिल्ला समन्वय अधिकारी

देश संघीय शासन प्रणालीमा जानु अगाडी नेपालको मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत भेरी अञ्चलमा अवस्थित बाँके जिल्ला मध्य तथा सुदुर पश्चिमाञ्चल विकास क्षेत्रकै प्रमुख औद्योगिक तथा व्यापारिक केन्द्र, तथा मध्य हिमाली तथा सुदुर पहाडी भूभागहरुको हवाई नाका एवम विकास क्षेत्रको प्रवेशद्वार मानिन्छ। वि.सं. १८७३ को सुगौली सन्धीमा नेपालले गुमाएको भू-भाग मध्ये वि.सं. १९१७ मा ईष्ट ईण्डिया कम्पनीबाट नेपालले पुरस्कार स्वरुप बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलाई प्राप्त गरेको थियो, जसले कालान्तरमा नयाँ मुलुकका रुपमा पहिचान प्राप्त गर्यो। यस जिल्लाको नाम बाँके रहनुको पछाडी विभिन्न जनश्रुति, धार्मिक एवं पौराणिक आख्यानहरु रहेको पाइन्छ जस मध्ये केही यस प्रकार छन।

- परापूर्व कालमा तराई क्षेत्रमा औलो, कालाजार जस्ता रोगहरुको प्रकोपले गर्दा यस क्षेत्रमा वसोवास गर्ने अधिकांश मानिसहरुको मृत्यु हुन गई सिमित मानिसहरु मात्र बाँकी रहेका र कालान्तरमा बसोवास गरेको ठाँउ भनिँदै जाँदा पछी अपभ्रंश भई यस ठाँउलाई बाँके भन्न थालिएको पाइन्छ।
- सत्ययुगमा सतीदेवीको जिब्रो पतन भई त्यस ठाँउमा वाक्यश्वरी देवी उत्पन्न भई स्थापित वाक्यश्वरी हाल वागेश्वरी मन्दिर रहेको स्थानलाई छोटकरीमा वाक्य भनिदै जाँदा पछि बाँकेमा परिणत भएको भनाई पनि रहेको छ ।
- परापूर्वकालमा यहाँका मानिसहरुले घाम, पानी, हुरी, वतास, आदिबाट सुरक्षित रहन वरिपरी घुमाएर बाँके खालका घरहरु निर्माण गर्ने गर्थे। अधिकांश बाँके घरहरु रहेको बस्तीलाई बाँके बस्ती भनिँदै जाँदा पछि जिल्लाको नाम नै बाँके रहन गएको हो भन्ने जनश्रुति पनि पाइन्छ।

जिल्ला समन्वय समिति निर्वाचित जनप्रतिनिधहरूले नेतृत्व गर्ने निकाय हो। जिल्ला समन्वय समितिमा जिल्ला सभाका सदस्यहरुले निर्वाचित गरेका ६-९ जनाको संख्यामा पदाधिकारीहरु रहने व्यवस्था छ। जिल्ला भित्रका नगरपालिकाका प्रमखु र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु जिल्ला सभाका सदस्य रहन्छन। जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम जिल्ला समन्वय समितिले गर्ने संवैधानिक व्यवस्था रहेको छ। बाँके जिल्लाको समन्वय समितिमा प्रमखु, उपप्रमुख र ६ जना सदस्य गरी जम्मा ८ जना पदाधिकारी रहनु भएको छ।

जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिना कम्तिमा १ पटक नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनसुार सो भन्दा बढी पनि बैठक बस्ने गरेको छ। संघीय सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय सिमतिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला

समन्वय समितिको कार्यालय रहेको छ र जसको नेतृत्व संघीय निजामती सेवाका रा.प.दितीय.श्रेणी (जिल्ला समन्वय अधिकारी) ले गर्ने ब्यवस्था गरिएको छ। यस कार्यालयमा संघीय निजामती सेवाका कर्मचारीहरु कार्यरत रहेका छन। नेपालको संविधानले धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ मा जिल्ला समन्वय समितले गर्ने कार्यको कानूनी व्यवस्था रहेको छ।

## २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

हरिप्रसाद देवकोटा

(क) सम्वैधानीक व्यवस्थाः

नेपालको संविधान २०७२ को धारा २२० को उपधारा (७)मा जिल्ला सभाको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छ।

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी काममा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
- जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय,गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- प्रदेश कानुन बमोजिमका अन्य कार्य गर्ने ।

जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने व्यवस्था समेत रहेको छ ।

(ख) कानूनी व्यवस्थाः

**जिल्ला सभा ऐन २०७५ को दफा ३ बमोजिम काम कर्तब्य र अधिकारः**


नेपालको संविधानको धारा २२० उपधारा (७) का अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- जिल्ला भित्रका स्थानीय तहको विकास निर्माणका विषय पहिचान गर्न आवश्यक समन्वय गर्ने ।
- जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरि त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका सूचक तयार गरी ती सूचकका आधारमा बिभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत ,विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिइएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने ।
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसँग समन्वय गर्ने।
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहका बीच समन्वय गर्ने।

- जिल्ला भित्रका स्थानीय तहबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि संघ प्रदेशसँग समन्वय तथा सहजीकरण गर्ने।
- जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यस्थापन सम्बन्धी योजना तथा कार्यको समन्वय गर्ने र सो सम्बन्धमा संघ प्रदेश र स्थानीय तहसँग सहकार्य र समन्वय गर्ने।
- जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने।
- जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत स्थानीय तह समेतलाई समेत सुझाव दिने ।
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानिय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक चार महिना र आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन पेश गर्ने।
- जिल्ला भित्र गैर सरकारी संघ संस्थाबाट संचालन भैरहेका संचालन भैरहेका योजना र कार्यक्रमहरुको प्रभावकारिता उपयुक्तता तथा सन्तुलित किसिमले भए नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजिकरण गर्ने।
- जिल्लाभित्रका दुई वा सो भन्दा बढी स्थानीय तह बीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वियनमा समन्वय तथा सहजीकरण गर्ने।
- जिल्लाभित्रका एकभन्दा बढी स्थानीय तहका आयोजना तथा परियोजना संचालन गर्दा प्रचलित कानून बमोजिम प्रारम्भिक वाताबरणीय प्रभाव मूल्याङ्कन गर्न समन्वय गर्ने।
- जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन गर्ने।
- जिल्लाभित्रका स्थानीय तहले बनाएका कानूनहरुको अभिलेखिकरण गर्ने।
- जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनका लागि बर्षको एक पटक बार्षिक समिक्षाको कार्यक्रम आयोजना गर्दा सो जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसदको र प्रदेश सभाको सदस्यलाई आमन्त्रण गरि सुझाव सहितको प्रतिवेदन दिने।
- आवश्यक्ता अनुसार प्राकृतिक श्रोत ब्यवस्थापन, अनुगमन, समन्वय गर्न आवश्यक समितिहरु गठन गर्ने।
- जिल्लाभित्र स्थानीय तहले गरेको कामले समग्र जिल्लाको बिकासमा पारेको प्रभाव र गर्नुपर्ने सुधारका बारेमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेश सभाका सदस्यलाई प्रतिवेदन दिने।
- प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

नेपालको संविधान र यो ऐन बमोजिम जिल्ला सभाले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिले गर्नेछ ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः




हरिप्रसाद देवकोटा
जिल्ला समन्वय अधिकारी

### दरबन्दी ाबवरण

| क्र.स. | पदनाम | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी, रा.प. द्वितिय, (प्र./सा.प्र.) | १ | १ | - | |
| २ | शाखा अधिकृत, रा.प. तृतीय, (प्र./सा.प्र.) | १ | १ | - | |
| ३ | ईन्जिनियर, रा.प. तृतीय, (ईन्जि/जनरल) | १ | - | १ | |
| ४ | नायव सुब्बा, रा.प.अनं. प्रथम (प्र./सा.प्र.) | १ | १ | - | |
| ५ | लेखापाल, रा.प.अनं. प्रथम (प्र./सा.प्र.) | १ | १ | - | |
| ६ | सव-ईन्जिनियर, रा.प.अनं. प्रथम, (ईन्जि/जनरल) | १ | १ | - | |
| ७ | निजि सचिव, रा.प.अनं. प्रथम (प्र./सा.प्र.) करार | १ | १ | - | |
| ८ | खरिदार, रा.प.अनं. द्वितिय (प्र./सा.प्र.) | १ | १ | - | |
| ९ | ह.स.चा. (श्रेणीविहिन) | २ | १ | १ | |
| १० | कार्यालय सहयोगी (श्रेणीविहिन) | ३ | ३ | - | |
| | जम्मा | १३ | ११ | २ | |

## पदाधिकारीहरुको बिवरण

| क्र.स. | पदाधिकारीको नामथर | पद | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र कुमार चौधरी | प्रमुख | डुडुवा गाउँपालिका | ९८५८०४५६४६<br>९८४४८५५६४६ |
| २ | श्री सिता कार्की | उपप्रमुख | कोहलपुर नगरपालिका | ९८४८०८५०४२ |
| ३ | श्री जुल्फकार अलि मनिहार | सदस्य | जानकी गाउँपालिका | ९८०४५७२३३७ |
| ४ | श्री जगदिश वाल्मिकी | सदस्य | नेपालगंज उपमहानगरपालिका | ९८४८०४५७९६ |
| ५ | श्री उदय नारायण मिश्र | सदस्य | नेपालगंज उपमहानगरपालिका | ९८४८०६१३७७ |
| ६ | श्री तरन्नुम बानो | सदस्य | नेपालगंज उपमहानगरपालिका | ९८०२५१५११३ |
| ७ | श्री सन्त कुमार थारु | सदस्य | कोहलपुर नगरपालिका | ९८६३४५९९८१ |
| ८ | श्री चमेली थरुनी | सदस्य | बैजनाथ गाउँपालिका | ९८२४५३३१८८ |

जिल्ला समन्वय समितिको कार्यालय बाँके

हरिप्रसाद देवकोटा
जिल्ला समन्वय अधिकारी

निकायको शाखा र कार्यरत जिम्मेवार कर्मचारीः

| क्र.स. | कर्मचारीको नामथर | पद | शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हरि प्रसाद देवकोटा | जिल्ला समन्वय अधिकारी | | |
| २ | श्री बिष्णु प्रसाद धिताल | शाखा अधिकृत | ब्यवस्थापन शाखा | |
| ३ | श्री चित्र बहादुर डाँगी | नायब सुब्बा | ब्यवस्थापन शाखा (प्रशासन) | |
| ४ | श्री सुर बहादुर डाँगी | लेखापाल | ब्यवस्थापन शाखा (लेखा) | |
| ५ | श्री कल्पना के.सी. | सव-ईन्जिनियर | अनुगमन तथा मूल्याङ्कन शाखा | |
| ६ | श्री रवि महत | खरिदार | ब्यवस्थापन शाखा (जिन्सी) | |
| ७ | श्री विपिन श्रीवास्तव | हल्का सवारी चालक | ब्यवस्थापन शाखा | |
| ८ | श्री महेन्द्र सिंह रोकाय | कार्यालय सहयोगी | ब्यवस्थापन शाखा (दर्ता चलानी) | |
| ९ | श्री मनोज थारु | कार्यालय सहयोगी | ब्यवस्थापन शाखा (दर्ता चलानी) | |
| १० | श्री सीमा बाल्मिकी | कार्यालय सहयोगी | नेपालगंज उपमहानगरपालिकाबाट का.ज | |
| ११ | श्री दिनेश वाल्मिकी | कार्यालय सहयोगी | नेपालगंज उपमहानगरपालिकाबाट का.ज | |
| १२ | श्री अंकित थारु | कार्यालय सहयोगी | नेपालगंज उपमहानगरपालिकामा का.ज | |

## ४. जिल्ला समन्वय समसतिको कार्यालयबाट प्रदान गरिने सेवाहरुः

- स्थानीयहरुबीच समन्वय र अनुगमन सम्बन्धी कार्यहरु
- कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन व्यवस्थापन तथा कार्यान्वयन सम्बन्धी कार्यहरु,
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्क्रयम स्वीकृतिका लागि समन्वय गर्ने,
- विभिन्न संघ, संस्था र कार्यालयहरुलाई आवश्यकता बमोजिम सिफारिश उपलब्ध गराउने,

## ५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः

- जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरुमा कुनै दस्तुर नलाग्ने र आवश्यक प्रक्रिया पुगेमा तुरुन्त।

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- कार्यालयबाट हुने निर्णय जिल्ला समन्वय अधिकारी बाट हुने
- नीतिगत निर्णय जिल्ला समन्वय समितिबाट हुने,

जिल्ला समन्वय समितिको कार्यालय बाँके

हरिप्रसाद देवकोटा

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- जिल्ला समन्वय अधिकारी मातहतबाट भएको निर्णयको जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीबाट भएको निर्णयको जिल्ला समन्वय समिति प्रमुख

## ८. सम्पादन गरेको कामको विवरणः

| क्र.स. | क्रियाकलाप | संख्या | कैफियत |
|---|---|---|---|
| १ | समन्वय समितिको नियमित मासिक बैठक | १८ पटक | महिनाको २ पटक |
| २ | राप्ती सोनारी गा.पा. र डुडुवा गा.पा.बीचको सिमाना बिवाद समाधान गर्न पहल गरेको | १ पटक | |
| ३ | जिल्ला स्थित स्थानीय तह अनुगमन | पटक पटक | |
| ४ | राप्ती नदीमा नदीजन्य पदार्थ अनुगमन | १ पटक | |

## ९. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.

कार्यालय प्रमुखः श्री हरिप्रसाद देवकोटा
पदः जिल्ला समन्वय अधिकारी
सम्पर्क नं. ९८५८०७०१९६

सूचना अधिकारीः श्री बिष्णु प्रसाद धिताल
पदः शाखा अधिकृत
सम्पर्क नं. ९८५८०२४७८३

## १०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- नेपालको संविधान २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- जि.स.स. मौज्दात कोष संचालन निर्देशिका, २०७५

- जिल्ला सभा ऐन, २०७५
- जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
- विपद व्यवस्थापन ऐन, २०७५
- जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिधि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- वातावरण संरक्षण ऐन, २०७६

हरिप्रसाद देवकोटा

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:

आम्दानी/खर्च

| क.स. | आम्दानी बिवरण | आम्दानी रकम रु. | खर्च रकम रु. | बाँकी रकम रु. |
|---|---|---|---|---|
| १ | पारिश्रमिक (कर्मचारी+पदाधिकारी) | १०४०००००/- | ७३८०६६६/४० | ३०१९३३३/६० |
| २ | निजी सचिवालय कर्मचारी पारिश्रमिक | ४६२०००/- | ३६५६००/- | ९६४००/- |
| ३ | पानी, बिजुली, संचार लगायत अनिवार्य दायित्व | ३४,००,०००/- | २२६२९०१/- | ११३७०९९/- |
| ४ | कार्यक्रम खर्च/समिक्षा बैठक समेत | ६०००००/- | ७००००/- | ५३००००/- |
| ५ | अनुगमन तथा भ्रमण खर्च | १००००००/- | २८८४७२/- | ७११५२८/- |
| | जम्मा | १५८६२०००/- | १०३६७६३९/४० | ५४९४३६०/६० |

## १२. सार्वजनिक निकायको बेभसाईट तथा ईमेल ठेगाना:

वेवसाईट: www.dccbanke.gov.np

ईमेल: ddcbanke2@gmail.com.

फेसबुक पेज:

## १३. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:

- माग सम्बन्धी निवेदन संख्या: १
- सूचना दिएको संख्या: १

## १४. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण:

- जिल्ला समन्वय समितिका सबै गतिविधि र सूचनाहरु अद्यावधिक गरी कार्यालयको वेबसाईट, फेसबुक पेज र सूचना पाटीमा नियमित राख्ने गरिएको छ।

समाप्त